# नुवाकोट जिल्ला अदालतबाट सेवा संकुचन अवधि पुनः थप भएको सूचना

नोवल कोरोना भाइरस (कोभिड–१९) को नयाँ भेरियन्ट विश्वव्यापिरुपमा फैलिरहेको र यस जिल्लामा पनि त्यसको संक्रमण अझ पनि रहिरहेको सन्दर्भमा यस अदालतको मिति २०७८/३/१ को सूचनाबाट मिति २०७८/३/८ गतेसम्म लागू हुने गरी सेवा संकुचनको अवधि थप गरिएकोमा हाल पनि पूर्व अवस्थामा पूर्णरुपमा सुधार भै नसकेकोले मिति २०७८/३/१५ गते सम्मका लागि नुवाकोट जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय नुवाकोटबाट निषेधाज्ञाको अवधि पुनः थप भएको सन्दर्भ समेतलाई दृष्टिगत गर्दै आज मिति २०७८/३/८ गते सरोकारवाला निकाय समेतको सहभागिता, छलफल र परामर्शबाट यस अदालतमा बसेको बैठकको निर्णय समेतका आधारमा देहाएबमोजिमका सेवा प्रवाह गरिने गरी सेवा संकुचनको समयावधि पुनः थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सुचारु रहने सेवाहरु

(१) बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदनको दर्ता र सुनुवाई।

(२) पक्राउपुर्जी अनुमती, म्याद थप, कल डिटेल, अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेश।

(३) मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन।

(४) बालबालिकालाई अभिभावकको जिम्मा लागाइ पाउ भन्ने निवेदन।

(५) कसूर ठहर भैसकेको तर सजाय निर्धारण हुन बाँकी मुद्दाको सुनुवाई।

(६) मुद्दा दर्ता भै विचाराधिन अवस्थामा रहेका मुद्दाको मिलापत्र।

(७) मुद्दा फिर्ता।

(८) डिसमिस र तामेली।

(९) घरेलु हिंसा सम्बन्धी अन्तरिम संरक्षणात्मक आदेश जारीको लागि परेको निवेदन।

(१०) जनस्वास्थ्य र माहामारी सम्बन्धी

(११) विशेष प्रकृतिका निवेदनहरुको दर्ता र सुनुवाई

उल्लिखित बुदाहरुमा सुचारु रहने भनी तोकिएका सेवा बाहेक यस अदालतबाट प्रवाह हुने सम्पूर्ण सेवा मिति २०७८/३/१५ गतेसम्म स्थगन रहने छन। सेवा स्थगन भएको अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद र तारेख गुज्रने छैन। म्याद थप र थुनछेकको सुनुवाई भर्चुयल विधिबाट समेत गर्न सक्ने व्यवस्था मिलाउदै लगिने छ। विद्यमान परिस्थितिको मूल्याकंन गरी आगामि दिनमा आवश्यक निर्णयहरु सूचित गर्दै जाने व्यहोरासमेत सम्बन्धित सबैमा अनुरोध छ।

मिति: २०७८/३/८

अंकुरचन्द्र त्रिताल

सूचना अधिकारी